
# वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ एक परिचय

## परियोजनाको परिचय

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन, साना तथा वन उद्यमहरुलाई प्रवर्धन र सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो। यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्क बीच सन २०२१ मार्च १९ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो। यो परियोजना प्रदेश स्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ। यस परियोजनाको केन्द्रमा केन्द्रिय परियोजना व्यवस्थापन इकाई रहेको छ भने, प्रदेश स्तरमा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालय अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन इकाई रहेका छन । दुवै प्रदेशका २५ – २५ गरि ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ । यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ । यस परियोजनाका लागि विश्व बैङ्कले २ करोड ४० लाख यु एस डलर करिब ३ अरव नेपाली रुपिया लगानी उपलब्ध गराएको छ । यसमध्ये २५.५ प्रतिशत अनुदान ६१ लाख यु एस डलर तथा ७४.५ प्रतिशत ऋण १ करोड ७९ लाख यु एस डलर सहायता रहेको छ । लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने संभावना रहेको छ । समृद्धिका लागि वन परियोजना मधेश प्रदेशका कार्यक्षेत्र प्रस्तुत चित्रमा चित्रण गरिएको छ ।




समृद्धिका लागि वन परियोजना, मधेश प्रदेशको कार्य क्षेत्र

## वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ एक परिचय

साधारण अर्थमा वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ भनेको कुनै पनि आयोजनाको उद्देस्य अनुरुप लक्ष्य प्रप्तिका लागि गरिने विशेष प्रकारको अध्ययन हो । यसले आयोजनाको उपयुक्तता तथा स्थायीत्व को सुनिश्चितता गर्दछ । यो व्यक्तिगत जीवन देखि ठुला ठुला योजना संचालन गर्नका लागि प्रयोग गर्न सकिन्छ । समुदायमा संचालित परियोजना, आयोजनाहरूको वातावरण संरक्षण र समाजिक समृद्धिका लागि वाताबरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ्को ठुलो महत्व हुन्छ । वातावरणले हाम्रो वरिपरिको ढुंगा, माटो, वन जंगल, नदी, खोलानाला, पहाड, जमिन, जीव जन्तु आदि तथा सामाजिक विशेषताले समाज,

सामाजिक, आर्थिक, धार्मिक, पुरातात्विक सम्पूर्ण विषयलाई समेट्दछ । विकासका क्रियाकलापहरु जस्तै; बाटो, कलकारखाना, पुल, पुलेसा, भवन, हाईडोपावर निर्माण तथा व्यावसायिक फर्म संचालन आदिमा यसले महत्वपूर्ण भूमिका राख्दछ । यस्ता आयोजना विभिन्न संगठन, एजेन्सी, गैरसरकारी संघ-संस्था, र सरकार द्वारा सन्चालन गरिएका हुन्छन । त्यसैले वातावरणीय तथा समाजिक सुरक्षा स्क्रिनिंङ् गर्न अति आवश्यक ठानिन्छ । विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षामा ध्यान दिनु पर्ने तथा विकास परियोजना, आयोजनाहरुको कार्यान्वयनबाट हुन सक्ने नकारात्मक असरहरुलाई न्यूनीकरण गर्नको लागि अपनाइने उपायहरुको अध्ययन गर्ने र तिनिहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने व्यवस्था नेपालको संबिधान, वातावरण संरक्षण ऐन, बिभिन्न नीतिहरुका साथै ऐन तथा नियमावलीहरुमा उल्लेख गरीएको छ । त्यसै गरि विभिन्न आयोजना, परियोजनाहरुले आफनो उप-परियोजना संचालन गर्नु अगाडी वातावरणीय तथा सामाजिक सुरक्षा छनौट (स्क्रिनिंग) गरे पश्चात सो प्रतिवेदनको सिफारिस अनुसार उप-परीयोजना स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय हुन्छ ।







लुम्बिनी र मधेश प्रदेशका २५ – २५ गरि ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ । यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ ।

वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ्ले वातावरण संरक्षणका लागि समुदायमा संचालित आयोजना, परियोजनाहरू, उदाहरणका लागि समुदायमा खानेपानी योजना, वृक्षारोपण, जलवायु परिवर्तन अनुसंधान, र वातावरणका लागि प्रमुख चुनौतीहरूका समाधानमा मद्दत पुर्याउँछन् । सामाजिक चुनौतीहरूका समाधान, युवाहरूको शिक्षा, सामाजिक समृद्धिका प्रयास, विशेष प्राथमिकताहरूका समाधान, जातिय वा सामाजिक संघर्षका विषय उदाहरणका लागि महिला अधिकार, बालबालिका प्राथमिकता, समाजिक समावेशिता, र अन्य समाजिक समस्याहरूको समाधानमा मद्दत पुर्याउँछन् । यसरी सहयोगी संघ संस्थाहरुको आ-आफ्नै वातावरणीय तथा सामाजिक स्क्रिनिंङ गर्ने नीति बनाइएको हुन्छ । सहयोगी राष्ट्रले सहयोग लिने राष्ट्रसंग केहि विषयमा शर्तहरु राखेको हुन्छ । विकासोन्मुख देशहरुको विकासमा लगानी गर्ने देश मध्ये विश्व बैंक पनि एक हो। विश्व बैंकको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारुपले प्रस्तावित कृयाकलापहरुको वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धमा नेपालको कानूनी प्रावधानका साथै बिश्व बैंकका वातावरणीय तथा सामाजिक मापदण्डहरु अनुसार सहि तरिकाले परिक्षणको प्रत्याभूति गर्दछ । प्रस्तावित कृयाकलापहरुको समग्र वातावरणीय तथा सामाजिक जोखिम र प्रभाव परिक्षण गर्नका

लागि शुरुवाती चरणमा प्रस्तावित कृयाकलापहरुको वातावरणीय र सामाजिक सुरक्षा स्क्रिनिंङ् एउटा महत्वपूर्ण अंगको रुपमा रहेको छ। स्क्रिनिंङ्को माध्यमबाट प्रतेक प्रस्तावित कृयाकलापको वातावरणीय तथा सामाजिक जोखिम र प्रभाव सम्बन्धमा आवश्यक पर्ने उचित सावधानी र परिक्षणको दायरा सम्बन्धमा जानकारी प्राप्त गर्नुका साथै जोखिमहरुको बर्गीकरण र यसको आधारमा थप के कस्ता परिक्षण तथा अन्य सुरक्षा सम्बन्धि दस्तावेज र संयन्त्रको आवश्यकता पर्दछ भन्ने बारेमा निर्णय गर्दछ।

स्क्रिनिंङको माध्यमबाट वातावरणीय तथा सामाजिक जोखिमको आधारमा कुनै पनि आयोजनाका कृयाकलापहरुलाई वर्गीकरण गरिएको हुन्छ। जोखिमको आधारमा विश्व बैंकको वातावरणीय तथा सामाजिक प्रारुपले आयोजनालाई चार वर्गमा विभाजित गरेकोछ। वातावरणीय तथा सामाजिक स्क्रिनिंङ प्रतिवेदनको आधारमा जोखिम कम गर्ने उपायहरु र त्यसको लागि चाहिने उपकरण र औजारहरुको बारेमा निर्णय गरिन्छ। ती वर्गहरु निम्न प्रकार छन्।


- **पहिलो वर्गः** यो उच्च जोखिम वर्गमा पर्छ। यस्ता परियोजना तथा आयोजनालाई बिश्व बैंकले कार्यान्वयनको लागि सहयोग गर्दैनन्।
- **दोस्रो वर्गः** मध्यम खालका नकारात्मक वातावरणीय तथा सामाजिक प्रभाव भएका कृयाकलापहरु र तीनीहरुको जोखिम न्यूनीकरणका उपायहरु गर्न सकिन्छ त्यस्ता कृयाकलापहरु दोस्रा वर्गमा पर्दछन्। जोखिमको आधारमा वातावरणीय संरक्षण ऐन २०७६, वातावरणीय संरक्षण नियमावली २०७७, र विश्व बैंक को वातावरणीय तथा सामाजिक मापदण्ड अनुसार यी कृयाकलापहरुको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन (Brief Environmental study, Initial Environmental Examination and Environmental Impact Assessment) गर्नु पर्ने हुन सक्छ।
- **तेस्रो वर्गः** जुन कृयाकलापहरुले न्यून मध्यम स्तरको नकारात्मक प्रभाव पार्ने जोखिम छ त्यस्ता कृयाकलापहरु तेस्रो वर्गमा पर्दछन। यी कृयाकलापहरुको कार्यान्वयन गर्नु भन्दा अगाडी वातावरणीय तथा सामाजिक ब्यबस्थापन योजना (Environmental & Social Management Plan) बनाउनु पर्ने हुन सक्छ।
- **चैथो वर्गः** जुन कृयाकलापहरुको नकारात्मक वातावरणीय तथा सामाजिक प्रभाव पार्ने जोखिम कम छ अथवा कुनै पनि जोखिम छैन त्यस्ता कृयाकलापहरु चौथो वर्गमा पर्दछन्। यी कृयाकलापहरुको वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ भन्दा थप परिक्षणको आवश्यकता पर्दैन। यस्ता कृयाकलापहरुको स्क्रिनिंङ पश्चात केही सामान्य जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्न सिफारिस गरिन्छ, जसको वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धमा अपनाइने आचार संहिता अभ्यास (Environmental and Social Code of Practice) बनाउन पर्ने हुन सक्छ।



त्यसैले कुनै पनि परियोजना, आयोजना, उप-आयोजना संचालन पूर्व वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ गर्न अति नै महत्वपुर्ण हुन्छ। यस्ता स्क्रिनिंङ गर्दा सम्बन्धित समुदाय तथा सरोकारवाला सबै लाई भेला गराई योजनाबारे जानकारी गराउनु पर्छ र सम्बन्धित स्थलको आर्थिक, सामाजिक, भगौलिक, जैविक, धार्मिक, पुरातात्विक सूचनाहरु लिन

छुटाउनु हुदैन। यसका आधारमा स्क्रिनिंङ प्रतिवेदन तयार गरिन्छ र सो स्क्रिनिंङ प्रतिवेदनको सिफारिस अनुसार मात्र परियोजना, उप-परियोजना, उप-आयोजना कार्यन्वयन गर्न सकेमा परीयोजनाको उद्देस्य प्राप्ति गर्न सहज हुन्छ। यसरी समृद्धिका लागि वन परियोजनामा पनि परियोजनाको कार्यान्वयन व्यवस्थापनको निर्देशन अनुसार उप-परियोजनाहरु कार्यान्वयन गर्दा अपनाउनु पर्ने प्रक्रियाको खाका (जस्तै वृक्षारोपण क्षेत्र छनौटका लागि वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ प्रक्रियाको) तल चित्रण गरिएको छ।

## वृक्षारोपण क्षेत्रको वातावरणीय तथा सामाजिक सुरक्षा स्क्रिनिंङ प्रक्रिया




नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र | कृषि विकास बैंक लिमिटेड Agricultural Development Bank Ltd. | CIF CLIMATE INVESTMENT FUNDS | THE WORLD BANK

*तयार गर्ने: भगवती खांण (सामाजिक सुरक्षा तथा लैंगिक विज्ञ) र अजित श्रीवास्तव (वातावरणीय सुरक्षा विज्ञ)*